



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक १० असार २०८१ Year 31 Vol 10 June/July 2024


## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल क्लियरिङ हाउस लिमिटेड बीच
# क्रस बोर्डर कारोवार गर्ने सम्बन्धी सम्झौता

**काठमाडौं, २५ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ग्राहकहरु तथा भारतीय ग्राहकहरुले एक देशबाट अर्को देशमा मोवाईल बैंकिङ तथा क्यु आर कोडको माध्यमबाट कारोवार गर्न सक्नेगरि डिजिटल प्रबिधीको व्यवस्था मिलाउन दुई संस्थाहरु बीच सम्झौता भएको छ । यसले नेपाल भित्र भारतबाट रकम प्राप्त गर्न सहज हुने भएको छ । यस्तो कारोवार नेपाल राष्ट्र बैंकले तोकेको सीमा र परिधिभित्र रहेर गर्न सकिने छ । एनसिएचएलको माध्यमबाट यस्ता कारोवारहरु हुनेछन ।



राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल क्लियरिङ हाउस लिमिटेड(एनसिएचएल)का बिच यस्ता सम्झौता भएको हो । सम्झौतामा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देबेन्द्ररमण खनाल र नेपाल क्लियरिङ हाउस लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले हस्ताक्षर गर्नुभएको थियो । सो अवसरमा बैंकका उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनी तथा दुर्गा कुमारी कंडेल र बिभागीय प्रमुख ऋषि राम ढकाल उप प्रमुख दिनेश ओझा तथा एनसिएचएलका तर्फबाट चिफ अपरेटिङ अफिसर मुन्नि राजभण्डारी र मनिष पटेलको उपस्थिति रहेको थियो । ■

## काभ्रेपलाञ्चोकको पाँचखालमा राष्ट्रिय वाणिज्य बैंकको शाखा विस्तार




**काठमाडौं, २८ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका वडा नः ४, तामाघाट स्थित शाखा कार्यालय पाँचखाल विस्तार गरी सोमबारबाट कारोबार शुभारम्भ गरेको छ । यसपछि बैंकको शाखा कार्यालयहरुको संख्या २८८ पुगेको छ । ■

## राष्ट्रिय वाणिज्य बैंकको नायब प्रमुख कार्यकारी अधिकृतमा देवेश प्रसाद लोहनी



**काठमाडौं, १३ असार**

राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको मिति २०८१।०३।०९ को निर्णय अनुसार उपकार्यकारी अधिकृत देवेश प्रसाद लोहनीलाई बैंकको रिक्त रहेको तह १२ को नायब प्रमुख कार्यकारी अधिकृत पदमा बढुवा गरिएको छ । २०५१ सालमा कम्युटर प्रोग्रामर(तह ७) को रुपमा बैंक सेवा प्रवेश गर्नुभएका लोहनीले व्यवस्थापन तथा भौतिक विज्ञानमा स्नातकोत्तर उत्तीर्ण तथा सूचना प्रविधिमा विभिन्न अन्तर्राष्ट्रिय कोर्सहरु पूरा गर्नुभएको छ । लोहनी बैंकको सूचना अधिकारी समेत हुनुहुन्छ । ■

# ट्रेड फाइनान्स सम्बन्धी कार्यशाला




**काठमाडौं, ३० जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा जेठ ३० गते बैकको व्यवस्थापन तह तथा विभिन्न विभागमा कार्यरत ५४ जना कर्मचारीहरुलाई लक्षित गरी ट्रेड फाइनान्स सम्बन्धी एक दिने कार्यशाला सम्पन्न भएको छ।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल, विभागीय प्रमुखहरु, बाह्य प्रशिक्षकहरु अरुण सिग्देल, एल.डि. महतले ट्रेड फाइनान्स कार्यविधि, जोखिम व्यवस्थापन तथा बैंकिङ्ग क्षेत्रमा अपनाईएका विषयहरुका बारेमा भएको छलफल कार्यक्रममा भाग लिनु भएको थियो। ■

# कर्जा इन्चार्जहरूलाई कर्जा सम्बन्धी तालिम प्रदान



**काठमाडौं, २४ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकमा कार्यरत कर्जा इन्चार्जहरुलाई चितवन र नेपालगञ्जमा कर्जा सम्बन्धी तालिम आयोजना गरिएको छ। चितवनमा जेठ २१ देखि २४ गतेसम्म मधेश, बागमती र लुम्बिनी प्रादेशि कार्यालय अन्तर्गतका शाखा कार्यालयका ४५ जना कर्जा इन्चार्जहरुलाई र नेपालगञ्जमा जेठ १८ देखि २२ गतेसम्म लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयका ४५ जना कर्जा इन्चार्जहरुलाई तालिम प्रदान गरिएको छ।



कर्जा जोखिम भारित सम्पत्ति सम्बन्धी, उपभोक्ता कर्जा सम्बन्धी, कर्जा लगानी प्रक्रिया तथा वित्तीय विश्लेषण, कर्जाका कानूनी विषय, कृषि कर्जा सम्बन्धी, राष्ट्र बैंकको एकिकृत निर्देशन तथा निरिक्षण, सिआइसी भ्यालीडेसन, गैरकोषमा आधारित व्यवसाय तथा जोखिम विश्लेषण सम्बन्धी विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। तालिम कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु र प्रादेशिक प्रबन्धक, प्रबन्धकहरु, शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो। ■

# ग्राहक सेवा सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, २७ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकमा कार्यरत कर्मचारीहरुलाई जनकपुमा प्रभावकारी ग्राहक सेवा सम्बन्धी तालिम आयोजना गरिएको छ। जनकपुरमा जेठ २६ देखि २७ गते सम्म कोशी र मधेश प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयमा ग्राहक सेवा कक्षमा कार्यरत ४३ जना कर्मचारीहरुलाई तालिम प्रदान गरिएको छ।

ग्राहक सम्बन्ध व्यवस्थापन, दस्तखत तथा आवश्यक काजगात जाँच, ब्रान्च अपरेशन म्यानुअल, खाता खोल्ने तथा कस्टुमर टाइप म्यापिङ्ग, ट्रस्ट एएमएल तथा कम्प्लायन्स, डिजिटल बैंकिङ्ग तथा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। तालिम कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत, विभागीय प्रमुखहरु र प्रादेशिक प्रबन्धक, शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो। ■

# सरकारी कारोबार सम्बन्धी तालिम



**काठमाडौं, ७ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा असार ६ र ७ गते बैकको कोशी र मधेश प्रादेशिक कार्यालय अन्तर्गतका सरकारी कारोबार गर्ने शाखा कार्यालयमा कार्यरत सरकारी कारोबार गर्ने ५८ जना कर्मचारीहरुलाई लक्षित गरी सुनसरीको इटहरीमा सरकारी कारोबार सम्बन्धी तालिम प्रदान गरिएको छ।



त्यस्तै बैकको जेठ १७ र १८ गते मधेश र बागमती प्रादेशिक कार्यालय अन्तर्गतका सररकारी कारोबार गर्ने शाखा कार्यालयमा कार्यरत सरकारी कारोबार गर्ने ४३ जना कर्मचारीहरुलाई लक्षित गरी हेटौंडामा सरकारी कारोबार सम्बन्धी तालिम प्रदान गरिएको छ। सरकारी कारोबार गर्ने नीतिगत व्यवस्था, हिसाब मिलान र खाताबन्दी, प्रतिवेदन, विद्युतीय कारोबार(राजश्ज/अन्य), कोष र बैंकबीचको सम्बन्ध, स्थानीय तहको राजश्व कारोबार, सुत्र प्रणाली कारोबार विषयमा प्रशिक्षकहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। बैंकका विभागीय उपप्रमुख, प्रबन्धकहरु कर्मचारीहरुले प्रशिक्षण दिनु भएको थियो। ■

# बैंकद्वारा नेपाल प्रहरी अस्पताललाई एम्बुलेन्स र शव वाहन हस्तान्तरण



**काठमाडौं, २४ जेठ**

राष्ट्रिय बाणिज्य बैंक लिमिटेडले नेपाल प्रहरी अस्पताललाई दुई वटा एम्बुलेन्स र दुई वटा शव वाहन प्रदान गरेको छ। नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरलाई राष्ट्रिय बाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले उक्त एम्बुलेन्स र शव वाहनको चावी हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले राष्ट्रिय वाणिज्य बैंकप्रति आभार व्यक्त गर्दै नागरिक सेवामा समर्पित नेपाल प्रहरीलाई यस सहयोगले थप सहजता पुग्ने विश्वारस व्यक्त गर्नुभयो । घटना र दुर्घटनामा तत्काल उद्दार गरी अस्पतालसम्म पुर्यालउन सवारी साधन निकै उपयोगी हुने उहाँले बताउनुभयो । प्राप्त सवारी साधनबाट अस्पतालको गुणस्तर र प्रभावकारितामा वृद्धि भई समग्र प्रहरी कर्मचारी, आश्रित परिवार सर्वसाधारण समेत लाभान्वित हुने उहाँले चर्चा गर्नुभयो ।


प्रहरी महानिरीक्षक कुँवरले एउटा निकायले दिने सहयोगबाट अर्को निकायले दिने सेवामा सहयोग पुग्नुको साथै सामूहिक भावनाको विकास हुने विचार व्यक्त गर्नुभयो । नेपाल प्रहरीमा स्रोत र साधनको कमि ठूलो चुनौतीको रूपमा रहेको बताउँदै आगामी दिनमा समेत यस्ता किसिमको समन्वय र सहकार्य रहने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले विगतमा बैंक र नेपाल प्रहरीबीच भएका समन्वय, सहकार्य तथा सम्झौताको चर्चा गर्दै आगामी दिनमा समेत सहयोग र आपसी समन्वय निरन्तर रहिरहने विचार व्यक्त गर्नुभयो । कार्यक्रमले बैंक र नेपाल प्रहरीबीचको सम्बन्ध थप सुमधुर र बलियो हुने विश्वाचस उहाँले व्यक्त गर्नुभयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका उप कार्यकारी अधिकृत तथा पदाधिकारीहरू लगायत वरिष्ठ प्रहरी अधिकृतहरूको समेत उपस्थिति रहेको थियो । ■

## ब्रान्च प्रोफाइल

**(आ.व. २०७९।०८० को ङ वर्गको उत्कृष्ट शाखा)**

### शाखा कार्यालय चौमाला (४२२)



कुल निक्षेप = रु. १६,८६,७५,६९१।५५
कुल कर्जा = रु.२४,७५,६८,८८५।९२
कुल मुनाफा = रु. २,१०,३४,६२५।१४
कुल कर्मचारी संख्या = ५ जना
निष्कृया कर्जा प्रतिशत = ० प्रतिशत
शाखा प्रबन्धक मदनराज पाण्डेय
शाखा कार्यालयको स्थापना मिति=२०७५।०१।१६
प्रति कर्मचारी:
क.निक्षेप = रु. ३,३७,३५,१३८।३१
ख.कर्जा = रु. ४९,५१,३७७१८४
ग. नाफा = रु. ४२,०६,९२५।०२८

**सफलताको रहस्य :**

शाखा प्रबन्धकको उत्कृष्ट नेतृत्व, कर्मचारी बीचको समन्वय तथा सहकार्य, नीति नियम तथा परिपत्रहरुको परिपालना, ग्राहकहरुको शाखा प्रतिको विश्वास र शाखाको शीघ्र सेवा प्रवाह । ■

## समवेदना

यस बैंकका शा.का. भद्रपुरमा कार्यरत शाखा प्रबन्धक युवराज उप्रेती (११०९५) की माता जमुनादेबी उप्रेती, शा.का.लालबन्दीमा कार्यरत सहायक विश्वनाथ पौडेल उपाध्याय (९२३३) की माता ब्रम्हविद्यादेबी, प्रा.का.गण्डकीमा कार्यरत का.मु.सहायक प्रबन्धक (सू.प्र.) अर्जुन भट्टराई (११५५१) की माता पूर्णमाया भट्टराई, शा.का. हनुमाननगरमा कार्यरत का.मु.सहायक प्रबन्धक (सू.प्र.) परशुराम माझी (११६३८) का पिता कलेरु माझी थारु, के.का.उपभोक्ता बैंकिङ्ग विभागमा कार्यरत बरिष्ठ सहायक प्रज्वल शाक्य (११८४८) का पिता धर्म शाक्य, शा.का.ललितपुरमा कार्यरत बरिष्ठ सहायक संगिता यादव (१२३११) की सासु अगरमैन देबी यादबको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

**प्रकाशक**
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-५७२१२२०, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
देवेन्द्ररमण खनाल
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
देवेश प्रसाद लोहनी
नायव प्रमुख कार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
ईश्वर उप्रेती

**डिजाइन**
राजु तामाङ